# याक्थुम्बा लिम्बू जातिमा सनातनी आस्थाको पुर्नजागरणः यूमा धर्मको रुपमा

अर्जुनबाबु माबुहाङ

**धर्म के हो ?**

सामान्य अर्थमा धर्म भन्नाले मानिसको दैविक गुण (शक्ति) माथिको निष्ठा (विश्वास) र सो अनुरूपको आचरण (स्तुति) मा लिन हुनु हो जुन विश्वासले यो जगत र मानव जातिको उत्पत्तिसंग आदर्शात्मक ( अध्यात्मिक) रूपले सम्बन्ध राख्छ । कुनैपनि जातिको धर्मसंग सम्बन्धित कथा (मिथक, जनश्रुति, अनुश्रुति), प्रतिक, परम्परा र पवित्र इतिहासले उनीहरूको जीवनको अर्थ बोकेको हुन्छ । धर्मले नैतिकता, आचरण वा धार्मिक नीतिहरू मार्फत उनीहरूको यो चराचर जगत र जीवनशैलीको व्याख्या गरेको हुन्छ । याक्थुम्बा लिम्बूजातिको बारेमा पनि धर्म सम्बन्धि चासो राख्दा आत्मवाद, धामीझाँक्रीवाद, प्रतिकवाद र पितृहरूको स्तुतिवाद जस्ता विशेषताहरू पाइन्छन । आत्मवादले निर्जिव तत्वमा पनि जिवित तत्व हुन्छ भन्ने मान्यता राख्छ । अथवा मृत्यु पछि पनि आत्मा मर्दैन । लिम्बूजातिमा कुनैपनि मानिसको मृत्यु हुन अघि निस्केर जाने आत्मालाई सिसाम (मृतआत्मा) भन्ने गर्छन । पितृका आत्माहरू देवात्मा र प्रेतात्माका रूपमा मान्छे, रुख, ढुङ्गा, जनावार, पंक्षी, पाहाड र नदी जस्ता प्रकृतिहरूमा पाइन्छन । जस्तोः

थिगाङदिङगर आनामा युरो । थिगाङदिङ गर थाक्पुमा युरो । साप्चि कुलुमताक । काइ लुङधुङ पाङफे । हिरिलुङ हक्कापलुङ पाङफे । चुगे चुक्वापिबा । लजिरि लयामलुङमारे । थिन्दाङ कुस्सापोरा । साम्याङलाङ अमेतिम्मा । फकफकमुया सिरे । थाप्साङ फुदुत लन्दे । लिवा सुक्साङ केवे । सामु मुया फिक्नु । तरङ ताङसाङ केयाबु । तिमेन अरङ पिवा । थिक्मेत्छो निफातेन युरो । थिक्मेत्छो कालिप्पा युरो । साप्चिमा कुलुममातेन । थिगाङदुङ फुगोङवा युरो । थिगाङदाङ मिम्मिरि यु रो । उत्तिसिङ पारामसिङमा । फेकमेम्पत लेत्तियोसिङ । थाबु सिङलाङ युङे । थाबु सिङलाङ पेलि योपान पारे । ‘फकफक मुयाहाङबा ए । नालि कुजेन केगेत्तुगर । लेत्ति थाक्कु थ?ने ।’ (एकातिर आनाखोला (झरना) झर्छ । अर्कोतिर सुकी खोला झर्छ । हिरिलुङ हक्कापलुङ (ताप्लेजुङ लेलेप पर्छ) । त्यसको दाहिने पट्टि । लजिरि लयामलुङ ढुङ्गा अवस्थित छ । लयामलुङको गर्भबाट । सुनौला खुट्टा भएको तिमी चीलराज जन्मियौ । करायौ । आकाशमाथिबाट बेगियौ । दक्षिण तिर निफाखोला र कालिप्पा खोला बीच हुँदै फुगोङवा खोला र मिम्मिरि खोला बीच (निगुरादेन, तेह्रथुम) पुग्यौ । त्यहाँ प्रेतात्मारूपि ठूलो काठे रुख थियो । उक्त प्रेतात्मारूपि रुखले भन्यो :- “मलाई आहारा पुऱ्याउँछौ भने तिमीलाई म थाम्छु (बस्न)) ।” यो मुन्धुम चिल र रुखमा प्रेतात्माको उपस्थिति पाइन्छ । कुनैपनि व्यक्तिको शरीरमा प्रेतात्मा चढेर मधौरो भएकाहरूको आङबाट लागो छुटाउन प्रेतात्माहरूलाई ललाईफकाई बातचित गर्ने, चित्तबुझाउने काम धामीझाँक्रीले गर्छन । लिम्बू जातिमा यस्ता धामीझाँक्रीलाई फेदाङवा (घरदेवता र जंगली देवताहरूको पुकार गर्ने), साम्बा (पितृहरूसंग भेट गराउने, शिर उठाउने, पुर्खौली शक्ति जगाउने) र येबा (नराम्रा छेकथुन गर्ने) भनिन्छ । कसैका इर्ष्या, आँखिडाहि, गालिसराप, गालिगलौजले आफ्नो कुल परिवारमा अफापसिद्धहुने, शिर ढल्ने, चिताएको काम नपुगने मान्यता छ । आँखिडाहि छेक्ने, गालिसराप बगाउने, शिर उठाउने, परिवारमा आत्मशुद्धि हुने, शान्ती संमृद्धि ल्याउने कार्य यिनै फेदाङवा, साम्वा, येवाहरूले गर्छन । यस्ता फेदाङवा, साम्बा, येबाहरूले आफ्ना पितृका आत्माहरूसंग गरेको बातचितलाई मुन्धुम भनिन्छ । मानवशास्त्रीहरूका अनुसार कुनै पनि जातिको आत्मगत सम्बन्ध भूतप्रेत देवीदेवतासंग गाँसिएको हुन्छ । आकस्मिक दुर्घटनाहरू र अन्नबालीको अफापसिद्धता यस्ता बाहिरी सन्सारिक खराब आत्माका कारणहरू हुन् । त्यस्ता कारणहरू जान्नका लागि र दुरात्माबाट प्रभावित कार्यहरूका रोकथामका लागि गरिने धार्मिक कार्यहरूलाई मानवशास्त्रमा समनिजम (धामीझाँक्रीवाद)

भनिन्छ (हिचकक् एन्ड जोन्स, १९९६:२९) । कसैले कुनै कारणले खराब भावना बोकेको छ भने घरको देवीदेवताले उसलाई जुठो वा अशुद्धको रुपमा लिनेछन भन्ने विश्वास गरिन्छ । उसलाई चोखो वा शुद्धीकरण नगरिए सम्म उसले उचित तरिकाले देवीदेवतालाई खुसी बनाउन सक्दैन । यही कारणले गालीसराप बगाएर घरका देवीदेवतालाई खुसी पारिन्छ (काप्लान, २०००:६३-६४) । कस्ता पितृका आत्माहरू देउ-देउता बन्ने र कस्ता आत्माहरू प्रेतात्मा बन्ने खुट्याउन गाह्रो भएपनि समाज विकासक्रममा नेतृत्वदायी भूमिका खेल्ने पितृका आत्मा देउताको रूपमा स्थापित भएको पाइन्छ । जस्तोः सृष्टिकर्ता पोरोक्मि यम्फामिदेव । विशेषगरि असहज मृत्यु वरण गरेका पुर्खाहरूका आत्मा प्रेतात्मा बन्छन । जस्तोः दुम्सिले घामलाई मारेपछि प्रेतहरूको उत्पत्ति भएको मुन्धुम पाइन्छ । जीवित र मृतआत्मा बीच मध्यस्थताको भूमिका खेल्ने यस्ता धामीझाँक्रीहरूले पितृहरूको स्तुति गाउने क्रममा बिस्तारै कालान्तरमा आएर पितृहरूको आत्मालाई यसरी परमात्मा र प्रेतात्माको रूपमा मान्न थालेको देखिन्छ । किनभने यस्ता आत्माहरूले यो ब्रम्हाण्ड र मानिसको जीवनशैलीलाई नियन्त्रण गरेका हुन्छन । पितृबाट शक्ति ग्रहण गरिएको मुन्धुम हेरौं:

थामेरा मानु यम्मा ए । चि?लिङगे याम्ना केखिङसिङ केयाप्मा । नियारा लिङपङहाङमा ए । सामेधुङ येप्मेधुङमा ए । मिक्किसो आभुङलाङमा ए । साक्चिसा आनुबुनहाङमा ए । सिसागेन मेन्छिन सो?नामे । येत्चिरि येतपान केपाप्मे । येत्चिरि येतमुरामा ए । कुमिक्सो लिङदाङमा ए । कुहिरासो फिङदाङमा ए । चुगेवा चुक्वा नेप्चङले । इगेवा चुम्मु केलेम्बा । येत्चिरि येतहिरामा ए । पागेवा फेङवा नेप्चङले । पाधुङ लेक्ङा केसेप्मा । चुगेवा चुक्वा हिरा मुरिकले । लोक्फादिङ सिङहिम केखापमा । पागेवा हिरामुरिकरे । येगेसिङ केथुम्बा । खेने ग इगेरा आन्जुम सामेने । हुक्सोवा लाङसो सोच्छि । हारावा मिक्सो सोन्छि । इङगा ग इगेवा चुम्मु यात्आ । आङगा ग सिदि लेबा येत्फेक थाक्तुङ । मादि ले थाङवेत थाक्तुङ । केन्दा ले उङमेन्दत थाक्तुङ । तक्मि लेबा पङमेन्दात थाक्तुङ । आन्छि सुयेन्दिङ मिक्सो नि?नेच्छि । कन्हेप्मो ग साँबिवा फुदोङ कक्नु । नावा चङसुङ कक्नु । थिरि चबेक कक्नु । खोक्मु फाकहक कक्नु । हाजिरि हाखेम्याङमा ए । मिक्चिरि मिखेमयाङमा ए । लुङधुङ काइ चोक्से । अजिक लाङधुङ केराङ । फुरुप लोकसाङ केराङ । एन कप्मो सोरिक । सिभाक येबोताङहारे । आप्लुङ ताङसेपवा लामओ । सिङवा पेसेपमा लामओ । खजुम खया आयान्देओ । पङपङसुम्बा वसोतफुङवाओ पगुम कुथिः चप्मा पेकगर । साप्सिङबुङ येःयेःनाम्बेन नु । मुक्तोबुङ हमुक्तिम्बेन । सेत्लोबुङ साङतेरेप्मानु । माङयाङबुङ सदिनबुङ इरेम पेकगर । केनेप्चङरे चफत थुङवा फुन्देआङ । साप्लिङगेमेओ च्वात फात्छिङेआङ । साङवाङ वरुम आथासेओ । थाङफुरु फुरु आयान्देओ । थाङवेच्चेक वेच्चेक आयान्देओ । पेगे फेन्छाङ लाङदिङ येबिगे । चुगे चुक्वा सेवारो । सावा येहाङहारे । पेगिफाङसामहारे । तिङदिङ नाहेन आन्युकि । सिक्या माक्याहारे । याधता साम्धताहारे । इसुक चेम्भे आन्युकि । सिङदुङ कप्फा आयान्देओ । आबुरे केस्सायो पेन्दिबेन । सिफाक येमि साइन । मुन्धाङ खारा मेन्याए । हारा मिक्सो मेन्लेङए । सुङसा केहाक मेन्बते । साङ खिःथोःमेन्बोते । लिङ खिः योःमेन्बोते । कुदासिङ खमेन्लेक्के । सक्वा मुइङ नुरिक । चुगे चुक्वा पिसाङ आधासेओ (मेन्याङबो र माबुहाङ, २०६६:२०-२१) । (मेरा आमा समानका गुरु ! धरतीकी देवी ! उहिले सावायेहाङहरूलाई चाल्नीमा राखेर छुट्टयाउँदा तिमी चाल्नीको बीचमा अडिएर नियारा लिङपङहाङमा भनेर कहलिएकी मलाई कमाउने शक्ति दिने गुरु ! तिमी सामेधुम येप्मेधुङमा हौ ! तिमी मेरो जिवनसखी अर्धाङ्गिनी नै हौ ! तिमी विभिन्न पेटबोली बुझ्न सक्छौ ! थरिथरिका भाषा बोल्न पनि सक्छौ ! विभिन्न स्वरूप लिन पनि सक्छौ ! कालो-निलो योनि देखाएर तिमी दौंतरी बनाउन सक्ने, योनिको रौंले तिम्रो घरको छाना छाउन सक्ने, आफ्नो वेदी (थान) छेँडेर बाँध्न सक्ने हौ ! आऊ ! एकै छिन कुत्कुत्याउँछु ! खेलौं ! आठ फन्को बेरिएको बेत जस्तै मेरो लिङ्ग गैंडाभन्दा पनि ठुलो छ । हात्तिले पनि तान्न नसक्ने देख्यौ ? सम्भोग गरौं ! तिम्रो लागि भित्राँस मात्र झिकिएको डल्लै सुँगुर बोकेर कोशेली बोकेर ल्याएँ । लहरै सेतै दाँतले, कालो आँखाको नानीले कत्ति तिमीलाई सुहाएकी । तिम्रो समिपमा झट्टै

उपस्थित भएको छु । मलाई तिम्रो वशमा पार । यी मैनामका मालिकहरूको संरक्षण कार्यमा साथदेऊ ! तिम्रो शक्तिले मलाई युक्त गर ! अब मेरा चेलाहरूसंग । तिमी मेरा सर्वमान्य गुरु ! भविष्य खुट्टयाउन सक्ने । नराम्रा प्रेतात्माहरू मन्साउन सक्ने । धक नलागि । नजुधि । नठोक्किई नाच्न सक्ने । शक्ति प्रदान गर । लिङ्गोमा राखिएको चिण्डोको जाँड सुकेमा । काउलो, घुङरिङ, अम्लिसो, फच्याङका स्याउलीहरू ओइलाएमा । कुर्कुच्चाले पानी उमारेर । सानो डोकोमा पानी ओसारेर । नुहाइदिएर जागो बनाऊ है ! हामिलाई दाहिने बनाऊ ! )

वास्तविकता सँग सोजै जुध्ने क्रममा पितृहरूलाई गोत्रीय सदस्य का रूपमा उनीहरूका सन्ततीहरूले विशेष गरि प्रकृतिलाई प्रतिकका रूपमा उभ्याएको पाइन्छ । त्यस्ता प्रतिकहरू उनीहरूका लागि आस्थाको संरक्षण स्थलको रूपमा विकास पाउन सकिन्छ । यस्ता ठाउँहरूलाई नाहाङमायक (सगोल परिवार रहेको थलो), माङ्गेनायक (सगोलबाट छुट्टिएको पहिलो पूस्तासंगको थलो), फेच्चुवायक (पहिलो पुस्ताबाट अरु पूस्ताले छुट्टिएर बनाएको थलो ) भन्ने गरिन्छ । यस्ता स्थलहरूमा निर्मित ढुङ्गामाटोका थुम्काथुम्कि वा ओडार भेटिन्छन । जस्तैः यो मुन्धुमले ढुङ्गामाटो संग याक्थुम्बा लिम्बुहरूको गोत्रीय सम्बन्ध रहेको देखाउँछः-
सिनाहिकमारे थेनाहिकमारे । सियङघा थेयङघा थाप्तु । सियेङघा थेयङघामेल्ले । तिदिकलुङ तादाकलुङ थाप्तु । तिदिकलुङ तादाकलुङमारे । चोजिकलुङ चिजिकलुङ थाप्तु । चोजिकलुङ चिजिकलुङमारे । पारुङलुङ मारुङलुङ थाप्तुरो । पारुङ मारुङ तोमारे । तावेलुङ सुयोलुङ थाप्तु । तावेलुङ सुयोलुङमारे । खाम्जिरि खाम्बोङबा थाप्तु । लुङजिरि लुङबोङबा थाप्तु । मेदाहिरे कक केनाम्बा । होःपत्तेओ वाः केइम्सिङबा । मच्चिबुङमा थाङ केलेप्पा । कात्ताक्वा कुबुङ पेना केदाङबा । सिः पुत्रुकमा सा केचेप्पा । खन्हासा सायोखिम्मा योखिमपाङमासि । खामजिरिमाग खामजिरि खामछिच्छिरि सासि । लुङछिच्छिरि ग लुङबोङबे सासि । खन्हारे सिच्छिरि सिफुक्कु नाः । मेन्छाम याप्मि चइत ताङमा । थिन्दाङ सायो मेथाप्तुसि । माङजिरि माङयाक्थुङ साहा । मुजिनामा खेयोङनामाहा....... । (गिलो थलथले बलौटे माटो बाट । फस्के ढुङ्गाहरू बने । फस्के ढुङ्गाहरू बाट । ठूलठूला चम्किने चोजिकलुङ चिजिकलुङ, तादाकलुङ तिदिकलुङ, फुस्रा पारुङलुङ मारूङलुङ, ताम्बेलुङ सुयोलुङ ढाँडढुँडहरू बनिए । ताम्वेलुङ सुयोलुङ ढुङ्गे ओडारहरूबाट । ढुङ्गामाटो बाट बनिएका । खुर्सानीको बोटमा झटारो हान्नेहरू । गोब्रे च्याउमा ओत लाग्नेहरू । उन्यूको बोट ढाल्नेहरू । जुम्रालाई मासु काट्नेहरू । ढुङ्गामाटोका सन्तान जन्मिए । उनीहरू गर्ने, भन्ने, जान्ने अगुवा जानकारी राख्ने हुन है । ढुङ्गामाटोका सन्तान हुन है । यिनीहरूले सिच्छिरि सिफुक्कु ओडार बाट । मानवरूपि । दैवी नासोहरू जन्माए । मुजिनामा खेयङनाहरू......।)

अर्को प्रतिक चो?लुङ पनि हो । कर्मगरे पछिको फल प्राप्त गर्नु । कर्म गरेबापत सिद्धि पाउने ठाउँ । जस्तैः-
आल्ल वसा थोलाम आबेक । लासाङखे चि?लेक्पा नाःला । आवारिवारि च?परि पाङभे । काम्लुङ पङलुम चाङमादेन । नालि थाङबेन चो?लुङरो । आवाला चुवाला पाङभे । योसुलुङ पदमलुङ पाङभे । थाक्चुम थाक्पे केःमादेन । सिसा मेन्छिन चो?लुङरो । आल्लसा वसा थोलाम आबेक । सुम्जिरि सुम्लामदोमा । पङबित आगेरे ताङलाङ आगेरे । चाकेत्तिकेत्ति पिदिम्मा नाःला । साप्चिकुलुम लेप्साङ । चुगेवा चुकसाङ पिसाङ । साङसेङलुङ खाराङलुङतेन । तुत्तुतुम्याङ चो?लुङरो । खेत्थोनु फुङपितरे कुलाङ अत्तुरे । अत्तु साम्नुङ आनुङ । पेगेफेङवा पिसाङ । तान्छेलुङ पन्छेलुङ । फेजिकुम फेदाङ चोतलुङलो । केरुक्वा नामलाक्वादेन ग? । सावारा येत्छाम साम्बा चो?लुङरो । खात्थोनु पेगे फेङवा पिसाङलो । लाप्चाङमा इहुमातेन । केत्तक नुधि लेङ्मातेन । तिङदिङ नाहेन साक्मातेन । सेजोवा पेहि थामातेन । सिगिसोसाम फोःङमातेन । सेङ्वालुङ चङसाङलुङमादेन । सिफाक येमि चो?लुङरो । माकखाम्सो पगेबा । हेःत्खाम्सो

पिरेम्बा । असाङरे तेरेप्माहिम । आप्लाङरे सेल्लेङवाहिम । सामपङगे लिलिङबाहिम । सिरिपङगे किरिङबाहिम । सामतेक्खङ सुहेमतिम्माहिम । लिङतेक्खङ तुयेङतिम्माहिम । असाङलेभुङ युङमादेन । येरुप्लि येहाङना पाङभे । सामेधुङ येप्मेधुङहिम (माबुहाङ, २०६४:२७ ) । (हामी सिमचाङगो यामचाङ्गो फुलबारीमा पुग्छौं । यहाँ त हातखुट्टा हल्लाई हल्लाई, सुसेली हाल्दै तरुणीहरू गीत गाँउछन्, उफन्छन् । यहाँ बाट हामी आवारि च?परि गाउँमा आइपुग्छौं । यो ठाउँ त तरुणहरूको छेलो हान्ने, फाल हान्ने ठाउँ कर्मको सिद्धि प्राप्तगर्ने ठाउँ हो । यहाँबाट मुन्तिर आवाला चुवाला, योसुलुङ पदमलुङ गाउँ तरुणीहरूकै हातखुट्टा हल्लाएर तान बुन्ने कर्मको सिद्धि प्राप्त स्थल हो । यहाँबाट हामी तीन बाटाहरू छुट्टिएका ठाउँहरू सोङसोङलुङ खाराङलुङ पुग्छौं । यो ठाउँ ठूलाबडाहरूको न्यायनिसाफ गर्ने ठाउँ हो । यहाँबाट हामी फर्किन्छौं र देब्रेतिर लाग्छौं । केरुक्वा नामलाक्वा गाउँ साम्बाहरुको, यहाँबाट देब्रेतिर फेजिकुम फेदाङबाहरूको कर्म गर्ने । सिद्धि प्राप्त गर्ने ठाउँ । पश्चिमतिर गीत गाउने, नाच्ने, साग माङ्ने, आँखिडाही छेक्ने, घुम्दै नाच्ने, नराम्रा साताहरू मन्साउने । सेङवालुङ चङसाङलुङ गाउँ येबाहरूको कर्म गर्ने ठाउँ हो । कल्की , कौडी, घण्टीहरू, थालहरू, मालाहरू झुन्डयाइएका, कालो माटो र रातो माटोले रङ्गिएका जडित घरहरू भएको गाउँ, येबाहरूका गुरु सामेधुङ येप्मेधुङ विराजमान रहने येरुप्लि येहाङना गाउँ हो ।)

लिम्बूको गोत्र (मिङश्या) को सवालमा केहि विदेशी विद्वानहरूले बाहुनको भनाइलाई लिएर बनारसबाट आएका लिम्बूलाई काशीगोत्रे र तिब्बतबाट आएका लिम्बूलाई लाशागोत्रे भनेका छन (रिस्ले, सन् १९७२: ३६-३७) । लिम्बूका गोत्र भन्नाले उनहिरूको मूलथलो, उत्पत्तिथलोलाई चारैतिर घेर्ने डाँडा, बेँसी र खोला अनि पूर्खाको नाम पुकार्नु पर्छ । छथरका माङभु लिम्बूको गोत्रको चर्चा गरौं । जस्तो : थिगाङदुङ गर पिरिमवा यु:रो । थिगाङदुङ गर माङसेवा युरो । थोहाङगर पट्याकमा कोक्मा । यो:हाङ गर लुभुवा वदोमा । साप्चिमा कुरुमतेन । सुङसारे थाकमेन्खो यक । किधिरे काकमेन्दक यक । मुयारे कप्मेन्देत यक । पिरिमयकरे कुकत्तुबासा । आपेङहाङरे कुथिन्दुबासा । (एकातिरबाट माङसेवा खोला झर्छ । अर्कोतिरबाट परेवा खोला झर्छ । माथि पट्याक डाँडा तल लम्मुखोलाको दोभान । बीचमा । कुंदो (कालो विरालो जस्तो हुन्छ) को सातो पस्न नसक्ने । मलसाप्राले उफ्रेर नाङन नसक्ने । चिलले फन्को मारेर नसक्ने । पिरिम यक (गढी) मा हुर्केका । आपेङले जन्माएका) । अपवाद देखि बाहेक लिम्बूहरू न काशीबाट आएका हुन न तिब्बत । बढीजसो लिम्बूका उत्पत्ति स्थल ताप्लेजुङका लेलेप, इखाबु, र लिङखिममा पर्छन । वाहुनका लागि गोत्र भन्नाले उनीहरूको पूर्खा भन्ने मात्र बुझाउँछ । किनभने उनीहरूले आफ्नो पुर्खौली थलो छोडिसकेका छन ।

लिम्बूजातिले आफ्ना पुर्खाको स्तुति गर्दा उनीहरूलाई विशेष तयारीका साथ खाद्य, पेय, वस्त्र लगाएत अन्यवस्तुहरू सङकल्प गरेर खुसी बनाई आत्मा सँग बातचित गर्नेगर्छन । जस्तो:
ए.. कन्धाक्मा … माएहो । कोइ पाङफे कन्नु केवाइ । सात्ता लुङलेङ नु केवाइ । आङ्गु सेत्लाक केवाइ । चप्थुङ वमि? केवाइ । सुरित केजङ केवाइ । पङगेन वहित केवाइ । लुङधुङ ए चप्मा केवाइ । नाम्फोरे हे:मा केवाइ । कप्मो केलोक्फा सिङखिम नेमेओ । तेत्ले केम्पाङलिहारे । थिन्दाङ केस्सापोराहारे । इगे केन्जुमहारे । मेन्चाङवा चाङना केम्नेत्तेआङ वा । मेन्वात्छो वा?ना केम्नेत्तेआङ वा । माङवा कुतक नु । पगु कुथि नु । लासा कुसा नु । सुम्बो हुक्वा केम्नेत्तेआङ वा । पइत लाङवा केम्नेत्तेआङ वा । चिनुताङ आम्निसे । सेन्दि तुम्मा आलोरे (मेन्याङबो, २०६१:०३,११) । (ए ……स्वर्गीय फल्नी…। गाउँघर डुल्दै छौ कि । खेती गर्दै छौ कि । भोकै छौ कि । तिर्खै छौ कि । हावा संगै वेगिन्दै छौ कि । यहाँ तिम्रो घरमा । तिमीप्रति अनुगृहित बुहारीले । तिम्रो श्रीमान्ले । तिमीलाई मनपर्ने वस्त्र राखिदिएका छन । मनपर्ने गहना राखिदिएका छन । भात राखिदिएका छन । मासु राखिदिएका छन । यसरी मेजमान गरिदिएका

छन । यतातिर हामीलाई ध्यान देउ । हामीलाई भेट ..। पितृ प्रतिको मानमनितो संग सम्बन्धित अर्को पनि मुन्धुम हेरौं :
खेप्सामम्मो फा । एङग कङ खे?यो । खेनि हेन्मु फाल्ले । खाम्जिरि खाम्बोङबा साहा । लुङजिरि लुङबोङबा साहा । मेदाहिरे कक केनाम्बा । हो:पत्तेओ वा: केइम्सिङबा । मच्चिबुङमा थाङ केलेप्पा । कात्ताक्वा कुबुङ पेना केदाङबा । सि: पुत्रुकमा सा केचेप्पा । सायोखिम्मा योखिमपाङमासि । खामजिरिमाग खामजिरि खामछिच्छिरि साहा । लुङछिच्छिरि ग लुङबोङबे साहा । कुन्धाक्सो ........ल्ले । इक्सा खाम्बेक इङमा । नालि कुजेन केम्नेत्तेल्ले । हेन्नाङ मेप्मा केम्घोसुम्नेनलो । सेकखा कुनु माङसेक । थो:यो: केमेमेत्तुमगर । कन खोइङसे याङलेपरे केनिसि । सिदिङबारे केउगि । युक्मिबारे केलेबि । (सुन है...। आज यहाँनेर ..। के भने ...। ढुङ्गामाटो बाट बनिएका । बाख्राको बडकिउँलामा भारि बिसाउनेहरू । गोब्रे च्याउमा ओत लाग्नेहरू । खुर्सानीको बोटमा झटारो हान्नेहरू । उन्यूकोबोट ढाल्नेहरू । जुम्रालाई मासु काट्नेहरू । ढुङ्गामाटोका सन्तान जन्मिए । उनीहरू गर्ने, भन्ने, जान्ने अगुवा जानकारी राख्ने हुन । यो मृतकले । माटो किन्ने । ज्याला राखेकोले । केहि पनि भन्न पाउँदैनौ है । सांच्चै देउ-देउता छन है । यदी केहि गर्‍यौ भने अडेरीको काँडाले कोर्नेछन । हर्कटोको पातले काट्नेछन । तामाको रुपियाँले देख्नेछ ( पिरोल्नेछ) ..।

हिजो जीवन बचाइको क्रममा उनीहरूका पुर्खाहरूले भोगेका अनुभवहरूनै मुन्धुम भित्र पाइने चाखलाग्दा मिथकको रूपमा पाइन्छन । लिम्बू जातिमा विशेषगरि पितृ/आदिदेव (सप्मा कुमाङ), थक्ले साम्माङ (देहदेव) र कुइ कुदाप/साम ताप्फेङ (जंगलीदेव) र गरि तीनप्रकारका देउ-देउताहरू बुझाइन्छ । सप्मा कुमाङहरू पितृदेवहरू हुन । शक्तिदातृ देवहरू हुन । जस्तो: तागारा निङवाफुमाङ, पोरोक्मि यमफामि । यिनीहरू ज्ञान विवेकका धनी, शक्तिशाली र उनीहरूको सर्वत्र उपस्थिति हुन्छ । जस्तो:
पा?मेले पा?मेन्देतमाङ । चोक्मेले चोक्मेन्दे?माङ । चेङमेल्ले चेङमेन्दे?माङ । मेन्निमाङ मेन्धामाङ । तागारा निङवाफुमाङ । (चर्चा गरेर गर्न नसकिने । बनाउन नसकिने (निर्गुण) । नदेखिने (निराकार) । जताबाट जतिबेला पनि प्रकट हुने सर्वव्यापी) । यिनीहरूको उत्पत्ति ब्रम्हाण्ड संगै भएको मानिन्छ । थक्ले साम्माङहरू देहदेव हुन । यिनीहरूको उपस्थिति लिम्बु महिलाको आत्मासंग गांसिएको हुन्छ । यसैले यिनीहरूलाई घरदेवता पनि भन्छि । कुनै लिम्बुनीको विवाह भएपछि उनले आफ्नो आमाको देउता पनि लिएर जान्छे । थक्ले साम्माङहरू कुनैपनि मानिसको जनावार, पंक्षी, वनस्पति बीच राम्रा ( चोखो) वा नराम्रा (जुठो) कुनै खास घटनाहरू संग सम्बन्धित हुन्छन । जस्तो युमा साम्माङ, सवा साम्माङ । यिनीहरू खुसीहुंदा शक्तिदातृ हुन र रिसाउदा विनाशक पनि हुन । यिनीहरूको रिसाएको स्वरुपलाई पोतो च्याङ भनिन्छ । हारारा पिच्चम्मा, नेररे नाहाङमा, सिमेरिङ माङगेना सेअक्लुङ अक्वानामा जस्ता देवहरू चाँहि वंशज (पुरुष) संग जोडिएर आउने गर्छन । जंगली देवता जंगलका धनी हुन । कुनैपनि जंगली फलफुल देखि काठपात यिनीहरूको मानमर्यादा नराखि छोयो भने यिनीहरू रिसाउँछन र गाउँघरमा माहामारी फैलिन्छ भन्ने मान्यता छ । त्यसैले कुनैपनि देउ-देउतालाई बुझाउँदा कुइकुतापमाङ पहिलेनै बुझाउनु पर्छ । यस देखि बाहेक कालगतिले मृत्यु नभएकाहरू प्रेतात्माका रूपमा रहेर दु:ख दिन्छन । यस्ता प्रेतात्माहरूले पिरोलेर दु:खबिमार र अफापसिद्धता हुने लिम्बू समाजमा मान्यता छ । सोघा, सुगुप, लेच्छाम, यङदङ जस्ता प्रेतात्माहरूलाई पनि पनि चित्त बुझाउनु पर्छ । यिनीहरूले दु:ख मात्र दिन्छन । जनावार पंक्षी जस्ता प्रेतात्माहरू चाँहि विशेषगरि येवाहरूको लागि कमाउने गुरु वा शक्तिदातृहरू पनि हुन ।
मुन्धुम भित्र न्याय, दण्ड, पाप र धर्म सामाजिक संस्कारका सूरु भएको पाइन्छ । हिजो जाहाँ लिम्बूहरूका पुर्खाहरू जन्मिए, हुर्किए, खनि खोस्रेर खाए । घुमन्ते जीवन बिताए । व्यक्ति, परिवार हुँदै समाजको निर्माण गरे । परिवार र सामाज भित्र गर्नहुने (चोखो) र गर्न नहुने (जुठो) कार्य उनीहरूलाई

बोध हुँदै गयो । यसरी उनीहरूले भोगेका प्रत्येक घटनाहरू प्रयोगात्मक संस्कारहरूको रूपमा विकास हुँदै भयो । पाप, सत्कर्म र न्याय (धर्म) को सुरुवात भयो । वास्तवमा लिम्बूहरूको मुन्धुम भित्र यस्ता पाप र न्याय सम्बन्धित थुप्रै मिथकहरू भेटिन्छन । लिम्बू जातिमा सामाजिक व्यवस्थापनका लागि तुम्याङ (ठूलाबडा न्यायकर्ता) हरूको ठूलो भूमिका रहेको छ । तुम्याङ प्रथाको अवशेष हिजो किपट प्रथा सम्म पाउन सकिन्छ । घामले आफू माथि रहेर तल जमिनमा रहेका जनावार पंक्षीका गतिविधि माथि डाह गऱ्यो र बेस्सरी खडेरी पार्न थाल्यो । लासेभा तुङलिङमातेन नामसेभा फुपामातेन भन्ने ठाउँमा पहिलो चोटि खुर्सानीको बोटमा झटारो हान्ने, गोब्रे च्याउमा ओत लाग्ने, उन्यूकोबोट ढाल्ने, जुम्रालाई मासु काट्ने जस्ता पितृहरू र मुसा, प्वाँख डढेका चरा, बाँसखाने किरा, पुच्छर सुकाइएका दुम्सिहरू को चुम्लुङ (सभा) बस्यो । त्यो सभाले बाँसको भित्रि खोपेर टाँड बनाउन मुसा र किरालाई र दुम्सिलाई काँढले हानेर घामलाई मारे बापत पृथ्वीमा पहिलो चोटि पाकेको अन्न खान पाउने ज्याला दिएका थियो । यसरी पापी घाम (चिक्चोला थेनामयम्बा) लाई मार्न काम गर्नेहरूलाई ज्याला दिने हैसियत राख्नेहरूलाईनै तुत्तुतुम्याङ भनेर कहलाइयो । हाम्बेक्ला तेन्तुम्याङ हुँदै माक्खोला पकतुम्याङ गाउँमा पुगेका सावा युक्फुङकेम्बाले माइती बेगरका सिकेरा एक्थुक्नामाले अनेक दुःख गरेर उमारेको काँक्रो, फर्सी, खुर्सानी, तरुल, लसुन, अदुवा चोरेर खाइदिए । एक्थुक्नामाले थाहा पाएपछि युक्फुङकेम्बालाई ‘म माइती बेगरको एक्ली, लोग्ने बेगरको बेसहारा आइमाईको खुर्सानी चोरेर खाने तिमी युक्फुङकेम्बा अदुवाको पाना जस्तै छुट्टिएर, लसुनको पोटी जस्तै उखेलिएर सुनचाँदी जस्तै विलिएर तिम्रो मृत्यू होस भनेर’ कपाल भुँइमा पछारेर गालिसराप गरिन । यसरी दण्डको रूपमा कसैलाई गालिसरापका रूपमा दण्ड गरिने संस्कार सुरु भयो । पाजोइबा तेनतुम्याङले आफ्नी बहिनी इरेरे इधुक्नाको आफ्नो छोरा तेत्लारा लाजिराबालाई राम्ररी हेरचाह नगरेको भन्दै फूलले हान्दै सिर ढालेर ज्यान लिनपुग्छ । दण्ड सजायँको सवालमा फूलको प्रतिकको पनि ठूलो महत्व छ । थोसु साम्दाङखेवा र योसु लिङदाङखेवाले माइती-चेली छुच्छुरु सुहाम्फेबा र तेत्लारा लाहादोङ्ना ढाँटछल गरि कामवासनामा लिप्त बनाइदिन्छन । यसरी लिम्बू समाजमा छलकपटको सुरु भयो । यसरी हाडनाता भएका माइती सुहाम्फेबा र चेली लाहादोङ्नालाई तुम्याङहरूले आइन्दा यसरी फेरि माइतीचेली हाडनाता भएमा लाहादोङ्ना भुँइचालो भएर उत्रने र सुहाम्फेबा चट्टयाङ भएर बज्रि उनीहरूको सर्वनाश हुने दण्ड गरे ।

अब लिम्बूले गर्ने संस्कारका बारेमा सारांशमा चर्चा गरौं । लिम्बुका संस्कारलाई चुक्मुबा हिङ्मुबाथिम (बाँचेकाहरूका संरक्षणका लागि गरिने संस्कार) र यगुचङसिमाथिम (मरेकाहरूका मुक्तिका लागि गरिने संस्कार) गरी विभाजन गरेर बुझ्न सके सजिलो हुन्छ। चुक्मुबा हिङमुबा संस्कार भित्र लुङधुङ माङगेना/मिङ्श्रा कुबोक्मा मुन्धुम (थातथलो/वंश उत्पत्ति), याङदाङ फोःङमा (न्वारान गर्ने), साप्पोक चोःमेन (पेटपूजा), खाम्बोत्लिङ नाहाङमा (पुर्खौली शक्ति जगाउने), हारारा पिच्चम्मा (पुर्खौली शक्ति जगाउने), सेअक्लुङ अक्वानामा (मूलखाँबाकी देवीको पुकार), तेन्धाम मेत्खिम माङगेना (विवाह लगन), थकथाम्मा/हिमलिःलिः केलाङ (नयाँ घर निर्माणमा कमिला र धमिरा झार्ने र घरको मूल खाँबो नखाओस् र कसैको आँखीडाही र गालिसराप नलागोस् भनेर आशिष दिने), मे?लुङ फुसिङमा (वाग्दान), तरेखे?नाम हेनामोःमा (पाहुना मानमनितो), साक्मुरा खेङगा वदेम्मा/माङहुप वदेम्मा (गालीसराप बगाउने), मुजोक्लुङ खाजोक्लुङ मुन्धुम (सृष्टि मुन्धुम), नेत्ति फुङवा चाङमा मुन्धुम (फूल जगाउने), सेन्दाङ लाःहि खक्मा/इःङमा (दशा ग्रह काटने), थाक्चुम थाक्पे तोःम्मा (तान बुन्ने/सोझ्याउने), सिघुरुङ लुङघुरुङ पङलुम चाङमा (छेलो हान्ने), चो?लुङ चाङमा (पुर्खौली स्थल जगाउने), साम लिङमा (सातो हाल्ने), सिलाम साक्मा (मृत्युको बाटो छेक्ने) पर्दछन । यस्ता कार्यहरूका भागेदार साम्बाहरू हुन । विशेष गरि थक्ले साम्माङ (देहधारी देवहरू पुकार्ने), कुईकुदाप (वनका देवहरू मन्साउने), पोतोच्याङ (

देहदेवका लावालस्कर पुकार्ने) यस्ता कार्यहरू फेदाङवाहरूले गर्छन । या:थरे येम्मा (फेदाङबा, साम्बा, साम्बा निस्कन्दा गरिने संस्कार), र फुङसोत ते:सिङमा (गुरु पूजा) यस्तै पानथक/पानचाङ (ख्याली), या:राक्मा (धान नाच) का चुक्मुबाहिङमुबा संस्कार भित्रै पर्दछन। कुइकुदाप (वनदेवताहरू) चाँही यगुचङसिमा संस्कार गर्दा पनि गर्दा पनि फलाक्नै पर्छ। यगुचङसि:माथिम भित्र खाम इङमा (माटो माग्ने), साम फाङमा (सातो खोल्ने), साम सा:मा (सातो पु¥याउने), युम्सा नाक्मा (नुनतेल माग्ने), साङसाङ खाउ:मा (शुद्धि हुने), ले:चे एप्मा (नराम्रा आँशुहरू सोहोर्ने), मिक्वा साङमा (नाराम्रा आँशु पखाल्ने), जस्ता कार्यहरू राम्रा गतिले मर्नेहरूका लागि गरिने कार्य हुन् । तिङदिङ नाहेन साक्मा (आँखी डाहि मन्साउने), मुधुङ चे?या/मुकुम सेमि सेप्मा/हेल्लाक्मा (नराम्रो आगोको आत्मा मार्ने), खाप्पुरा/थाप्पुरा सुगुत सेप्मा/लाङधोक केम्बा (सुत्केरी हुन नसकि सेंहे बनेकालाई मार्ने), इधोकलुङ सामसोघा सेप्मा/लाङधोककेम्बा (लडि मरेर वायु बनेकालाई मार्ने ), कुलित लिच्छाम (मृतकलाई पशुपक्षीले छोएर प्रेत बनेकालाई मार्ने), थिरि यङदङ /आबु शसिक थेप्मा (दाँत नउम्रि मरेर मच बनेकाहरूलाई बार्ने/रोक्ने), तङअम्बा/निवारा तम्फलक्पा थेप्मा (जवानीमै मरेर प्रेत बनेकाहरूलाई छेक्ने/बार्ने), इङला खाँचो (छलकपट बाट हुने हानि रोक्ने) हाजेक फिम्मा (विवाह भत्यारमा मासु भातखान नपाउनेले गरेका गालिश्रापहरू मन्साउने), सगिमसोमा (यौन उन्मुख गतिविधि बाट हुने हानिनोक्सानि रोक्ने), लाभाक एप्मा (पाप-दुराचारबाट लोदर जै-जन्म रोक्ने), नासो थप्पन (हाडनाता छुट्टयाउने), काङलुङ चेङलुङ (सोलापासो हटाउने) अमिक सङदोक (लोभलालचले हुने हानि रोकथाम गर्ने) यि संस्कारहरूनै येवाले गर्नु पर्छ। यि संस्कारहरूको संयोजन विशेष गरी तीनराते तङसिङ गर्दा दुई रात सम्म यी नराम्रा मानिने संस्कारहरू येबा (दुइ लिङ्गो) ले गरिसकेपछि बाँकी एकरातमा लिङ्गो फेरेर राम्रा कार्यहरू साम्बा (एकमात्र लिङगो) ले सम्पन्न गर्ने गर्छन। तङसिङ (शाब्दिक अर्थ गाडिएका तङतङसिङ लेलेसिङ र सोदासिङ फेतलासिङ नामक रुखहरूसंग लाग्न पनि जानछ )  आफ्ना भित्रिया दाजुभाईसँग मिलेर तीन रातसम्म माथि उल्लेखित गरिने सामुहिक संस्कारहरू पर्दछन । त्यसैले तङसिङ तक्मा कार्य चाँहि चुक्मुबा हिङमुबा र यगुचङसिमा दुवै संस्कार भित्रै पर्दछ। माटो किन्ने, नुनतेल माग्ने, शुद्धाइँ र गालिसराप बगाउने कायहरूमा विशेषगरि तुम्याङहरू अनिवार्य चाहिन्छन ।

**धर्मको नामाकरण “युमा” :**

लिम्बूले पनि हाम्रा परम्परागत जुन जन्मदेखि मृत्यु पर्यन्त गरिने संपूर्ण एकमुष्ट कार्यलाई हामीले पनि धर्म भन्नुपर्ने हुन्छ । धर्मकोबारेमा चासो राख्नेहरूले पुर्खाका विश्वास, सोचाई र कर्मकाण्डलाई नै खोजको विषयवस्तु बनाएका छन । हिजो हाम्रा पुर्खाहरूले जीवन भोगाइका क्रममा विशेष गरी प्राकृतिक विपत्ति संग जुध्नु प¥यो । यस्ता सङ्कट बाट बच्ने क्रममा भोगेका अनुभव/उपायहरू/क्रियाकलापहरूमा उनीहरूको पितृको नेतृत्वदायि भूमिका हुन्थ्यो । लिम्बूहरूका हकमा हेर्ने हो भने पाप र न्याय वा धर्मको नेतृत्वकर्ता तागारा निङवाफुमाङ लाइ पाउँछौ । यहाँनेर मुन्धुममा वर्णित लिम्बूरूको समाज विकासक्रममा तागारा निङवाफुमाङको उपस्थितिलाई हेरौं :

आप्चारेफिन्दु पोरोक्मिमाङलो । पोरोक्मिमाङ यम्फामिमाङलो । मुसोक्लुङ मुबेलुङ पाङफे थो: । तागारा निङवाफु हिमथो: । असा थोलाम केरेरो । सेवा सेन्दो केरे । पेलि योपान केरे । “तेत्ले सुनु युमाए । आङगा काप्तोक योबा चोगाङलो । आबुयारिन हे?राङलो । तिङदिङ नाहेन तुमाङलो । सिनामलाङमारे येत्नाम फेरेल्ले । थेनामलाङमा ग फाङनाम फेरेल्ले । आबु यारिन मेलिक्सेन । याम्मु सिक्कुम निङवा नाक्सेनि । तुमदुम हेना केराङ ।” तागारामारे निङवाफुमाङरे । “खेने आसाक्कुम आयाङगुम साने । सेवा

सेन्दो थासुल्ले । आम्बि सिक्कुम निङवा केहोप्पे । तेत्ले आबु मेन्छाए । थागेक रे यम्बा नेहि मेन्दिम्ना ए । हुक्चोरे केम्बा । खानिन मेन्लेन्बा ए । लाङमारे यम्बा लामलोम मेनलेम्ना ए । सिक्तुमरे केम्बा मिकलोम मेल्लेम्ना ए । तेङगो आलाङ चक्पे?यो । मिक्खुङ इमा नेत्तेओ । आखोक से?लुम फकइल्ले । तादिसेप्माङ के:चारो ।" (पोरोक्मि यम्फामि देवता त । माथि मुसोक्लुङ मुबेलुङ गाउँ । तागारा निङ्वाफु देवको मा । पुग्यो है । विन्ति बिसायो । "पूज्यनीय हजुरआमा । मैले धर्ती बनाएँ । अन्नको वीउ छरें । म माथि आँखीडाही भयो । टनटलापुर घाम लागेर खडेरी मात्र चल्यो । वीउ उम्रिएन । अनि बुद्धी (जुक्ति) माग्न । आइपुगें ।" तागारा निङवाफु देवले । "तिमी कसका सन्तान हौ । सोधिखोजि गऱ्यो । आम्मै ! बुद्धी/विवेक नभएको । तिमी मेरो नाती पो ! टाउको मात्र ठूलो बुद्धी (गिदी) नभरिएको । हातका औंला लामोलामो भएको गन्न नजान्ने । खुट्टाको बुढीऔंला लामो भएको बाटो पहिल्याउन नजान्ने । घाँटी लामो भएको गन्तव्य ठहराउन नसक्ने । मेरो पाउमा निदाउ । भरै मध्यरात्रीमा । सपना देख्नेछौ ।") यहाँ पोरोक्मि यम्भामिले तागारा निङवाभुमाङको सुझावलाई युमा (पितृ) मानेर दैवी कर्तव्यको रुपमा पालन गर्दैछन । वास्तवमा खास धर्ममा आवद्ध मानिसहरूले आफ्नो धार्मिक मूल्य र मान्यता अनुसार के गर्नु हुन्छ र के गर्नु हुंदैन भन्ने सामाजिक व्यवहार निर्धारण गरेका हुन्छन । आज लिम्बूहरू माझ धर्मको बहस भइरहदा लिम्बु परिवार र समाज विकासमा हिजो अग्रणि भूमिका खेलेका र आजपनि प्राय सबै लिम्बूले परमात्मादेवको रुपमा पूजिल्याएका तागारा निङवाफुमाङ वा युमा (पितृ) को नामबाटै धर्मको रुपमा विकास गरेर लानुपने देखिन्छ । हिजो हाम्रा वंशजले धारण गरेको विश्वासलाई आजका पछिल्ला पिढिहरूले ग्रहण गर्ने कर्म गर्नुनै धर्मलाई धारण गर्नु हो । यो अर्थमा हामीले मुन्धुमलाईनै हामी लिम्बूको जीवन दर्शनको आधार मान्नु पर्ने हुन्छ र हाम्रो जीवन दर्शनका नेतृत्वकर्ता तागारानिङवाफुमाङ वा अगुवा युमाको नामबाट धर्मको नामाकरण युमाको नामबाटै लिन सक्छौं । फ्रेन्च मानवशास्त्री एमिल दुर्खिमल भने जस्तै वास्तवमा हामी भित्र हामी देउताको पूजा गर्ने भन्दापनि समाजको पूजा गरिरहेकाछौं (रिट्जर, १९९६:९४) । सामाजिक स्थिरतालाई स्थायित्व दिनु, आफ्नो जातिको मूल्य र मान्यता प्रति सबैलाई प्रतिवद्ध राख्नु, उनीहरूको भावनाको प्रतिनिधत्व गर्नु उनीहरूलाई संरक्षण प्रदान गर्नु र अज्ञानता, अन्याय, असमानता देखि सबै किसिमका व्यभिचारको अन्त्यका लागि कुनैपनि अप्ठेराहरूलाई धारण गर्ने धर्मको भूमिका रहिआएको देखिन्छ ।

**लिम्बूहरूको विश्वास माथिको आक्रमण:**

अठारौं सताब्दी मा नेपाल आइपुगेका बेलायती वनस्पतीविद जोसेफ डाल्टन हुकर (१९८७: १२८) ले तमोरखोला इलाकामा भेटेका लिम्बूहरूलाई बुद्ध धर्मालम्वीको रुपमा पाएका थिए । मिवाखोलाका श्रेङ लिम्बूहरूका भान्जा सुनमाल अङ्शिले नाल्बो मा गुम्बा बनाएर बुद्ध धर्मको प्रचार गरेको देखिन्छ । मिवा, मैवा र तमोरखोलाबाट सिक्किम गएका धेरै येमानीहरूको सिक्किमका लामाहरूले जुठो खुवाएर विद्वता नष्ट गराएको देखि हत्या गरेको जनश्रुतिहरू पाइन्छन । याक्थुम्बा लिम्बूहरूको आस्था माथि पहिलो आक्रमण बौद्धधर्मालम्वीहरूबाट भएको थियो । यसदेखि पश्चात हिन्दुहरूको आक्रमण देखिन्छ । लिम्बूहरू बीच वि.सं. १८७५ मा नीति (परम्परागत मुन्धुम मान्नेहरू) र स्मृति (हिन्दू धर्म मान्न थालेकाहरू) मान्नेबीच फाटो रहदै आएको पाइन्छ (नेपाल, वि.सं. २०५५: पेज २६४-६५) । त्यसो त पृथ्वीनारायण शाहले सन् १७७३ मा माझकिरातका त्रिलोचन उपाध्याय लाई पुरोहित्याइँ गर्न दिएको कागज हेर्ने हो भने लिम्बू समुदायका संस्कृति माथि हिन्दू धर्म संस्कारको अतिक्रमण सेनकाल देखिनै सुरु भइसकेको देखिन्छ (पन्त र अरु, .... पाना नं ११५५) । शाहकालमा नीति लाग्ने आङबुहाङ र साँबा थरिका लिम्बूहरू देखिन्छन भने स्मृति मान्नेहरूमा श्रेङ, फागो र यङयाङ लिम्बूहरू देखिन्छन (

ढुङ्गेल, २०६२:६०) । यसपछि लिम्बू संस्कृतिमाथिको सबैभन्दा घातक आक्रमण त यसरी वाहुनको प्रवृति सिक्ने लिम्बूहरूबाटै पनि भयो । पहिले जो-जो लिम्बू वाहुन-क्षेत्रीको नजिकमा परे उनीहरूले संस्कृत पर्वते भाषा (नेपाली) सिक्न बाध्य हुन्थे । किनभने राज्यको भाषा पर्वते थियो । पर्वते भाषा जान्ने सत्ताको नजिक हुने भएकोले उसको समाजमा ठूलो हैकम र गुणगान हुनु स्वाभाविक थियो । उनीहरूले पर्वते भाषामात्र सिकेनन पर्वते संस्कार पनि ग्रहण गरे । लिम्बूका आस्था माथि विचलन यसरी आउन थालेको थियो ।

बुझेर वा नबुझेर धर्मको महलमा वि.सं. २०४८ देखि लिम्बूले “किरात” लेख्दै आएको पाइन्छ । सरकारी दस्ताबेजहरूमा “किरात”, “लिम्बू किराती”, “पल्लो किरात”, शब्दहरू लिम्बूका हकमा प्रशस्तै शाह र राणाशासकहरूले प्रयोग गरेको पाइन्छ । “किरात” शब्द प्रयोग गर्ने पहिला शासकहरू आर्यका एउटा झुण्ड लिच्छवी थिए । उनीहरूले आफ्नो भन्दा फरक जीवनशैली पाएका जातिहरूलाई “किरात” भनेको पाइन्छ । हनुमानढोकाको देगुतलेको मन्दिरको पेटीको शिलालेखमा शासकको रूपमा “किरात” भनेर लिच्छवीहरूले सम्बोधन गरेकाछन (बज्रचार्य, २०३०:३७४) । गोपालराज वंशावलीलाई आधार मान्ने हो भने यसरी सम्बोधित हुनेमा खम्बु (राई) हरूका पुर्खा यलुङ हुन । खम्बूहरू किराती हैनन भनेर एउटा सानो प्रमाण पेश गर्न सकिन्छ । सन् १८९१ सिक्किमको जनगणना अभिलेखमा खम्बूहरूको जनसंख्या पुरुष ७२६, महिला ६४८ र वालवालिका ५८९ गरि जम्मा १९६३ रहेको  देखिन्छ  । उनीहरू नेपालको अरुण (नदी) बाट आएका थिए (रिस्ले १९७२:२७) । उक्त जनगणनामा “राई” र “किरात” नामका जाति भेटिन्दैनन् । उनीहरू गोर्खालीहरूबाट धपाइएका खम्बूहरू थिए जो आजमभोली आफूलाई “राई” भनेर चिनाउछन । वास्तवमा “राय” इलाका प्रमुख वा गाउँ प्रमुख लाई भन्ने गरिएको सेनकाल देखिनै देखिन्छ । सेनका पूर्खा जिल र अजिलले आफूलाई राय सम्बोधन गरेको भेटिन्छ (हामिल्टन, १९९०:१२९) । त्यसैले “राय” पदवि हो । “राय” बाट “राई” शब्दको उत्पत्ति भएको हो । राय त लिम्बूलाई पनि भनिन्थ्यो ।  वि.सं १८८० को कागजमा आठराईका राई र तामाङहरूलाई खम्बु र तामाङलाई मुर्मी भनेर मुस्किलले सम्बोधन गरेको भेटिन्छ (संग्रौला, २०५६:२०१) । गोर्खालीहरूबाट सरकारी कागजमा ‘खम्बू’ लेखिएको संभवत पहिलो कागज हो यो । सन् १७७४ सम्ममा खम्बूहरू गोर्खालीहरू सँग परास्त भइसकेका थिए । यस्तो अवस्थामा गोर्खालीहरूले हराइएका खम्बूहरूलाई जातिच्युत गर्दै हिन्दूवर्णाश्रम व्यवस्था अन्तर्गत मासिने जातमा कायम गरेका थिए । उ बेला जातिच्युत हुनु ठूलो अपमान मात्र नभएर सजायँका रुपमा लिइन्थ्यो । कारण गोर्खालीहरूले खम्बूहरूलाई ‘खम्बू’ भनेर सम्बोधन गरेको कागजपत्र पाउन गाह्रो भएको हो । त्यसैले खम्बूहरूलाई लिच्छवी देखिका आर्यहरूले “किरात” भन्दै आएको सजिलै बुझ्न सकिन्छ । पृथ्वीनारायण शाहले चौबिसे राज्य आक्रमणगर्न अघि आफ्नो भारदार संग कुटनीति गर्दा “लिम्बू किराती खारिज नगरि” शब्दहरू बोलेको पाइन्छ (नरहरीनाथ, २०२२:०८) । उनी पनि त्यहि हिमवत खण्डबाट आएका आर्यहरूको अर्का झुण्डका सन्तान थिए । विशेषत “किरात” शब्द हिन्दूहरूको वेदमा बढीजसो विरोधी पात्रको रूपमा उल्लेख भएको पाइन्छ । त्यसैले आर्यहरूले आफू भन्दा छुट्टै नश्ल र जीवनशैली धारण गरेका जातिहरूलाई “किरात” भनेर चिन्न खोजेको पाइन्छ । याक्थुम्बा लिम्बूहरूलाई पनि यसरीनै “किरात” भनिएको सहजै अनुमान गर्न सकिन्छ । त्यसैले “किरात” शब्द संग याकथुम्बा लिम्बूको पनि कुनै ऐतिहासिक र सांस्कृतिक सम्बन्ध छैन । मात्रै राजनीतिक सम्बन्ध देखिन्छ त्यो के हो भने आर्यहरूले उनीहरूको साहित्यमा पाइएको “किरात” पात्रको आचरण संग मिलाउन खोज्दा याक्थुम्बा लिम्बुहरूलाई पनि “किरात” भनिएको मात्र हो । शासनमा आर्यहरूको हैकम पश्चात मात्र लिम्बुहरूको भूमिलाई सरकारी दस्ताबेजहरूमा “पल्लो किरात” नामारण गरेका हुन । विदेशी विद्वानहरू पनि लिम्बूकोबारेमा अध्ययन गर्न अघि हिन्दू वेद र पुराणबाट प्रभावित भएको पाइन्छन र किरातका शाखाका रूपमा लिम्बूलाई राख्ने

गर्छन । वास्तवमा विदेशीहरूले लिम्बू फेदाङबा, साम्बा र येवाका पहिरन र नृत्य को तस्विर खिचे तर उनीहरूले के भन्छन (मुन्धुम) त्यो बुझ्न सकेनन (माबुहाङ, २०६४क:०७) ।

आज सबैका संस्कृति समान छन । कसैको पनि सँस्कृति उच्च र निम्न हुने हुँदैन । कुनैपनि संस्कृतिलाई अन्य संस्कृतिका मूल्य, मान्यता र मापदण्डका आधारमा मुल्याङ्कन गरिनु हुँदैन भन्ने मान्यता अगाडि आएको छ । संसारका संपूर्ण संस्कृतिहरू आ–आफ्नै ऐतिहासिक परम्परा र विशिष्ट सन्दर्भमा उद्भव र विकसित हुने गर्छन । सबै संस्कृतिको उत्तिकै महत्व हुन्छ । मिश्रको पिरामिड हेरेर जापानका प्यागोडा बनिएका हुन भन्ने मान्यताहरू नयाँखोज अनुसन्धानबाट आएका प्रतिफलहरूले विस्थापित हुँदै जान थालेका छन । मान्छेको उत्पत्ति तमोरखोलाकै आसपासमा भएको मुन्धुमले देखाउँछ । त्यो लिम्बूहरूको छुट्टै ऐतिहाासिक र विशिष्टपन हो । कुनैपनि जातिको संस्कार संग पात्रको नाम, स्थान र घटना अनिवार्य जोडिएको हुन्छ । जसरी हिन्दुहरूको सांस्कृतिक उद्गम स्थल भारतका बढीजसो ठाउँहरूमा पर्छन । त्यस्तै लिम्बूजातिको सांस्कृतिक उद्गम स्थल ताप्लेजुङ, पाँचथर र तेह्रथुममा पाउन सकिन्छ । जस्तै हिन्दू वेद पुराणका पात्रहरू शिव, पार्वती हुन भने त्यस्तै मुन्धुममा सोदुङगेन लेप्मुहाङ, थिलिलुङ थाम्देनलुङमा पात्रहरू पाइन्छन । तर उनीहरू एउटै हैनन । शिव र लेप्मुहाङ एउटै हो भन्नु भनेको हिन्दू मूल्य-मान्यता भित्र रहेर लिम्बूको पहिचान खोज्न चाहनु हो ।

**निस्कर्ष:**

आज आएर यो धर्तीको उषाकाल देखि याक्थुम्बा लिम्बूहरूले भोगि ल्याएको चालचलनहरूलाई आधार मानेर आफ्नो पहिचान, आस्था र जीवनशैलीको वकालत गर्ने कि अठारौं शताब्दिमा भेटभए पछिका बाहुन/क्षेत्रीहरूको वेद पढेर । दोधारमा पारिएका नयाँ पूस्ताहरूले बुझ्नु जरुरी छ । सरसर्ती हेर्दा धर्म भन्नाले कुनै भग्वान माथि आस्था राख्नु, पाप नगर्नु भन्ने बुझिने गरिन्छ । त्यसैलै सबैको भग्वान एउटै हो भनेर धर्मलाई अध्यात्मिक शन्तुष्टि संग जोडेर आफ्नो स्वार्थ पुरागर्ने धर्मभिरुहरू धेरै जन्मिए । लिम्बूहरूले शिवजी भनेको नै लेप्मुहाङ हो भन्छन तर वाहुन मात्रै हैन लिम्बू पनि शासक हुनु पर्छ भन्न जान्दैनन । अन्तत धर्मले सोजै सम्बन्ध सत्ता संग राख्ने गर्छ । वास्तवमा धर्म भनेको पहिचान हो । पहिचानले मात्र शासनको दावा गर्छ । पहिचान भनेको नै कुनैपनि जातिले जन्मदेखि मृत्यु पर्यन्त हिजोका उसका पुर्खाहरूले गरेका कार्यहरू संस्कारको रूपमा ग्रहण गरेर निर्माण भएको हुन्छ । यस कारण मात्र उ अरु भन्दा पृथक रुपमा उभिन सक्छ । यसरी उसको आकाश र जमिन अरुको भन्दा फरक भेटिन्छ र उसले अनिमात्र उसले टेकेको जमिन र ओडेको आकाश भित्र आफ्नोपनको महसुस गर्न सक्छ ।

**सन्दर्भ सामग्रि:**

Caplan, Lionel .

2000 (ist print 1970), *Land in social Change in East nepal,* Himal Books, lalitpur.

Hamilton, Bhuchan Franciss .

1990 (ist print 1819), *An account of the Kingdom ofNepal*, Asian Educational services New Delhi.

Hitchcock Jhon T. and Jones Rex L. .

1996 (ist print 1976), *Spirit Possesssion in The Nepal Himalayas*, Vikash Publishing House New Delhi .

Hooker, Joseph Dalton .

1987 (ist print 1855), *Himalayan Journals (v-1),* Todayas and Tomarrow, New Delhi .

ढुङ्गेल, डा रमेश ।

वि.सं २०६२, *लिम्बूका संपृति र नीति समुह गोर्खा सरकारको देन,* हिमाल खबर फाल्गुण(१६–२९) पत्रिका पाटनढोका ललितपुर ।

नरहरीनाथ, योगी ।

वि.सं. २०२२, *इतिहास प्रकाशमा सन्धीपत्र संग्रह भाग-१,* रोयल एकेडिमि, श्री ५ को सरकार शिक्षा विभाग, पुरातत्व विभाग, जगदम्बा फण्ड, मदन पुरस्कार गुठी, त्रि.वि.वि. ऐतिहासिक विभाग, जिमिदार हरिहर गौतम ।

नेपाल, ज्ञानमणी ।

वि.सं २०५५, *नेपाल निरुपण,* नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान काठमाडौं ।

पन्त नयनराज, भण्डारी देवीप्रसाद, बज्र्राचार्य गौतम, पन्त दिनेशराज ।

मिति नभेटिएको, *श्री ५ पृथ्वी नारायण शाहको उपदेश* जगदम्बा प्रकाशन, श्रीदरबार ललितपुर ।

मेन्याङबो ध्रुबकुमार र माबुहाङ अर्जुनवावु ।

वि.सं २०६६, *सिभाक यामि मुन्धुम,* माधुरी सुब्बा राई, काठमाडौं ।

मेन्याङबो, लक्ष्मण ।

वि.सं २०६१, *लिम्बू मृत्यु संस्कारहरू,* नरेन्द्रकुमार मेन्याङबो, धरान ।

माबुहाङ, अर्जुनबाबु ।

वि.सं २०६४, *लिम्बू समुदायमा गुरुपूजा गरिने मुन्धुम* (अप्रकाशित)

माबुहाङ, अर्जुनबाबु ।

२०६४क जेष्ठ २० गते आइतबार, कान्तिपुर राष्ट्रिय दैनिक, *विदेशी सेवामा धार्मिक भेदभाव* ।

बज्राचार्य, धनबज्र ।

(वि.सं.२०३०), लिच्छवीकालका अभिलेख, नेपाल एशियाली अध्ययन संस्थान, त्रिविवि, काठमाडौं ।

Ritzer, George .

1996 fourth edition, *Sociologcal Theory*, Mc GRAW-hill International edition, Singapore.

Risley, H.H. .

1972 (ist edition 1894), *The Gazetteer of Sikhim,* Manjusri Publishing House, New Delhi

संग्रौला, नारायण प्रसाद ।

वि.सं २०५६, *पल्लोकिरातको किपट व्यवस्था*, शोधपत्र

(अक्टुवर ९, २०१० मा विश्व याक्थुङ मुन्धुम समाजको आयोजनामा सम्पन्न युमा धर्म सम्बन्धि एकदिने अन्तराष्ट्रिय गोष्ठिमा प्रस्तुत कार्यपत्र)